**देवचुली नगरपालिकाको मिति २०७५।१२।१८ को ३१औं नगरकार्यपालिकाको बैठकमा पेश भएका एजेण्डा उपर छलफल गरी देहाय बमोजिमको निर्णय गरियो :**

**१. समय व्यवस्थापन**

समय व्यवस्थापन नै जीवन व्यवस्थापन हो भन्ने मूल मर्मलाई आत्मसात गर्दै यस देवचुली नगरपालिका र वडा समितिबाट आयोजना हुने बैठक तथा कार्यक्रमहरु निश्चित समयमा शुरु र समापन गर्ने व्यवस्था अनिवार्य रुपमा कार्यान्वयन गर्ने । विकास निर्माणका योजनाहरु सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न गर्ने गराउने । साथै यस नगरपालिका अन्तरगत संचालित सबै क्याम्पस तथा विद्यालयहरु, सहकारी संस्थाहरु, निजी क्षेत्र, गैरसरकारी संस्थाहरु, नागरिक समाजका विभिन्न संघ संस्थाहरुलाई समेत कार्यक्रमहरु संचालन गर्दा समयलाई उच्च महत्व दिई तोकिएको समयमा कार्यक्रमहरु सम्पन्न गर्न आग्रह गर्ने निर्णय गरियो ।

**२. वडा कार्यालय निर्माण र व्यबस्थापन सम्बन्धमा :**

वडा कार्यालय निर्माण र व्यबस्थापन सम्बन्धमा छलफल हुँदा यस नरपालिका अन्तर्गतका वडा कार्यालयहरु साविक गा.वि.स. कार्यालय र नगरपालिका कार्यालयमा संयुक्त वडा कार्यालयको रुपमा संचालन हुँदै आएकोमा नागरिकलाई नजिकमा सेवा पु-याउने मूल मर्मलाई आत्मसात् गरी देहाय बमोजिम वडा कार्यालय निर्माणको व्यबस्थापन गर्ने ।

क.) वडा नं. १ र ३ साविक दिव्यपुरी गा.वि.स. कार्यालयमा संयुक्त रुपमा संचालन गर्ने,
ख.) वडा नं. २ को वडा कार्यालय दिव्य समाज युवा क्लब भवनमा ट्रष्ट निर्माण गरी संचालन गर्ने,
ग.) वडा नं. ४ को लागि प्रस्ताबित शिवालय मन्दिर निर्माण स्थलको जग्गामा वडा कार्यालय निर्माणका लागि पहल गर्ने,
घ.) वडा नं. ५ को लागि सकला मा.वि. को पुरानो भवन भएको स्थानमा वडा कार्यालय निर्माण गर्ने,
ङ.) वडा नं. ६ को लागि मुण्डे स्थित बालकिरण प्रा.वि. को जग्गामा वडा कार्यालय निर्माण गर्ने,
च.) वडा नं. ७ को वडा कार्यालय साविकको देवचुली गा.वि.स. भवनमा यथावत संचालन गर्ने,
छ.) वडा नं. ८ को लागि साविक देवचुली गा.वि.स. को भवन रहेको जग्गामा थप एक भवन निर्माण गरी वडा कार्यालय संचालन गर्ने,
ज.) वडा नं. ९ को लागि कार्यालय शिलन्यास भएको स्थलमा वडा कार्यालय निर्माण गर्ने,
झ.) वडा नं. १० को लागि भगवती टोल स्थित नव नेपाल प्रा.वि. को रिक्त भवन र क्लब भवनमा वडा कार्यालय संचालन गर्न पहल गर्ने,
ञ.) वडा नं. ११ को लागि धारापानी स्थित प्रगतिनगर सामुदायिक पुस्तकालय भवनमा वडा कार्यालय संचालन गर्न पहल गर्ने वा मन्दिर परिसरमा निर्माणका लागि प्रक्रिया अगाडि बढाउने ,
ट.) वडा नं. १२ को लागि नागपोखरी बालउद्यानको जग्गामा भवन निर्माण गर्ने,
ठ.) वडा नं. १३ को लागि हाललाई दलदले स्थित बजार व्यबस्थापन समितिले निर्माण गरेको भवनमा पार्टेशन गरेर वडा कार्यालय संचालन गर्ने, स्थायी रुपमा वडा कार्यालय निर्माणको लागि उचित स्थानको खोजी गर्दै जाने ,
ड.) वडा नं. १४ को लागि वडा बासीलाई केन्द्र पर्ने गरी कार्यालय स्थापना गर्न पहल गर्ने, हाललाई अस्थायी रुपमा नगरपालिका कार्यालयमा यथावत संचालन गर्ने,
ढ.) वडा नं. १५ को लागि जनज्योति मा.वि. मा गाभिएको प्रगति प्रा.वि. मा वडा कार्यालय संचालन गर्ने, विद्यालय भवन सामान्य मर्मत संभार र फर्निचर, कम्पयूटर लगायतको व्यबस्था गर्ने,
ण.) वडा नं. १६ को लागि हालको स्थानमा यथावत संचालन गर्ने ,
त.) वडा नं. १७ को लागि साविक गा.वि.स. को नाममा रहेको जग्गामा भवन निर्माण गर्ने ।

उपरोक्त अनुसारका नयाँ निर्माण हुने वडा कार्यालयहरु भूकम्प प्रतिरोधी, २० लाख रकमको परिधिभित्र रहि, सबै वडा कार्यालयको एउटै डिजाईन र रङ्गरोगनमा निर्माण एंव मर्मत सम्भार गर्नुपर्नेमा ईष्टिमेट अनुसार गर्ने । उपरोक्त बमोजिमका वडा कार्यालयहरुको केन्द्र अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**३. सार्वजनिक, सरकारी, प्रति जग्गाको लगत सम्बन्धमा :**

यस देवचुली नगरक्षेत्र भित्र रहेका सार्वजनिक, सरकारी, प्रति जग्गाको लगत लिने, चार किल्ला यकिन गरी ब्लु प्रिन्ट लिने कार्यको लागि मालपोत कार्यालय कावासोतीमा समन्वय गरी र उक्त जग्गाको यकिन सहित संरक्षण र संवर्धन गर्ने कार्यलाई प्राथमिकताका साथ सम्पन्न गर्ने निर्णय गरियो ।

**४.सामाजिक र नैतिक शिक्षा अनिवार्य र नेपाली भाषामा अध्ययन अध्यापन गर्ने**

नेपाल बहुजातीय, वहुभाषिक, वहुधार्मिक, वहुसांस्कृतिक विविधतायुक्त मुलुक भएकोले नेपालको राजनीतिक, आर्थिक, सामाजिक, सास्कृतिक, भौगोलिक र ऐतिहासिक विषयहरु नै हाम्रा सम्पत्ति हुन् भन्ने कुरालाई हृदयंगम गरी नेपाली समाजको भाषा, धर्म, संस्कृति, भेषभुषा, जातजाति, रहन सहन लगायतका विषयहरुमा पूर्ण जानकार भई सामाजिक उत्तरदायित्व निर्वाह गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने नेपाल सरकारको शिक्षा नीति समेतलाई मध्यनजर गर्दै र सरकारी कामकाजको भाषा देवनागरी लिपिमा नेपाली भाषा हुने संवैधानिक व्यवस्था अनुसार भोलिको सरकारी सेवाको लागि दक्ष जनशक्ति उत्पादन गर्ने अभिप्राय र यस विषयमा नागरिक समाजको

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

चासो, शिक्षाविद् हरुको सुझाव समेतको आधार लिई सामुदायिक र संस्थागत विद्यालयहरुमा अंग्रेजी माध्यममा अध्यापन गर्दै आएको सामाजिक विषयलाई नेपाली माध्यममा अनिवार्य रुपमा अध्ययन अध्यापन गर्न गराउन सबै विद्यालयहरुलाई अनुरोध गर्ने । साथै व्यक्तिको असल चरित्र निर्माण गरी न्यायपूर्ण, सदाचारयुक्त नैतिक समाजको निर्माण गर्न सबै सामुदायिक र संस्थागत विद्यालयहरुले अनिवार्य रुपमा नैतिक शिक्षा विषय अध्यापन गराउने । नैतिक शिक्षा विषयलाई पनि नेपाली भाषामा अध्ययन अध्यापन गर्न समेत अनुरोध गर्ने निर्णय गरियो ।

**५. शिक्षा नीति निर्माण**

देवचुली नगरपालिकाको शिक्षा सम्बन्धी दीर्घकालिन सोंच सहित आवधिक रुपमा शिक्षा क्षेत्रमा गर्नुपर्ने सुधारको खाका सहित शिक्षा नीति निर्माण गर्न देहायका विद्यालयका प्रधानाध्यापकहरु रहेको देवचुली नगरपालिकाको शिक्षा नीति निर्माण समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय :**

१ संयोजक : शिक्षा शाखा प्रमुख देवचुली नगरपालिका
२. प्रधानाध्यापक श्री रेशम कोइराला, कालिका मा.वि. देवचुली ९
३. प्रधानाध्यापक श्री नरदेव न्यौपाने, भीमसेन आदर्श उच्च मा.वि. देवचुली ६
४. प्रधानाध्यापक श्री शिव प्रसाद देवकोटा, नेपाल मा.वि. देवचुली १
५. प्रधानाध्यापक श्री चन्द्रदेव तिवारी, वरचुली मा.वि. देवचुली १७
६. प्रधानाध्यापक श्री विष्णु प्रसाद बास्तोला, विश्वज्योति मा.वि. देवचुली १५

समितिको वैठकमा मस्यौदा उपर छलफल गर्न तथा सुझाव लिन देवचुली न.पा. अन्तरगत संचालित क्याम्पस प्रमुखहरु, प्राध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, भू.पू. प्रधानाध्यापकहरु लगायत शिक्षाविद्, समाजसेवीहरुलाई आमन्त्रण गर्न सकिने गरी आफ्नो कार्यविधि आफै तय गर्न समितिलाई अधिकार रहने निर्णय गरियो ।

**६. विद्यालयहरुमा वाल उद्यान निर्माण गर्ने**

यस नगरपालिका अन्तरगत संचालित सबै विद्यालयहरुमा अनिवार्य रुपमा वाल उद्यान निर्माण गर्न अनुरोध गर्ने । वाल उद्यानको वस्तुगत रुपमा वार्षिक मूल्यांकन गरी उत्कृष्ठ विद्यालयहरुलाई उचित र सम्मानजनक पुरस्कार प्रदान गर्ने निर्णय गरियो ।

**७. सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने**

यस नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रदान गरिएको सेवा र विकास निर्माणका कार्यहरुप्रति नागरिक कत्तिको सन्तुष्ट वा असन्तुष्ट छन्, कुनै गुनासो भए व्यवस्थापन गरी नागरिकका लागि प्रवाह गरिने सेवा सम्बन्धमा पृष्ठपोषण लिई निरन्तर सुधारका लागि एक आर्थिक वर्षमा प्रत्येक वडामा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**८. विपद् व्यववस्थापन**

अकस्मात आईपर्ने विपद्ले थाहै नदिई जनधनको ठूलो क्षति हुने गरेको अनुभवलाई मध्यनजर गर्दै सम्भावित विपद्बाट वच्न र क्षति न्यूनिकरण गर्न वडास्तरीय विपद् व्यवस्थापन समिति अन्तर्गत विपद् पूर्व तयारी कार्यक्रम संचालन गर्ने । विपद्को समयमा तत्काल खोज, उद्दार, राहत र पुर्नस्थापना गर्न स्वयंसेवक तालिम, आवश्यक न्यूनतम सामग्रीहरुको व्यवस्था गरी सधैं तयारीको अवस्थामा रहने व्यवस्था मिलाउने । साथै विपद् व्यवस्थापन कोषमा थप रकम जम्मा गर्दै जाने, विपद्को समयमा आश्रय लिन सार्वजनिक स्थलहरुको पहिचान र विकास समेत गर्ने निर्णय गरियो ।

**९. डि.पि.आर. निर्माण सम्वन्धमा :**

आयोजना संचालन गर्नु अघि विस्तृत परियोजना प्रतिवेदन आवश्यक पर्ने तथा संघ, प्रदेशमा योजना माग गर्दा DPR सहितको प्रस्ताव माग गर्ने हुँदा यस नगरपालिका अन्तर्गत आगामी आ.व.मा कार्यान्वयन गर्नुपर्ने महत्वपूर्ण आयोजनाहरुको DPR तत्काल तयार गरी संघीय र प्रदेश सरकारमा उक्त आयोजनाको लागि बार्षिक बजेट कार्यक्रममा समाबेस गर्न पेश गर्ने ।

क. बौलाहा खोलाको दुवैतर्फ नारायणी किनारसम्म,

ख. लोकाहा खोला वडा नं. ९ को सिमाना देखि नारायणी किनारसम्म पूर्वतर्फ,

ग. मुकुण्डे खोलाको दुवैतर्फ नारायणी किनार सम्म,

घ. झराही खोलाको पश्चिमतर्फ नारायणी किनारसम्म

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

ङ. वडा नं. ९ स्थित घुमाउरी पार्क एण्ड पिकनिक स्पर्ट,

च. देवचुली चुचुरोसम्मको सडक पदमार्ग टावर,

छ. देवचुली रिङ्गरोड २८ कि.मि.

ज. प्रत्येक वडाबाट महत्वपूर्ण १ वटा योजना नछुट्ने गरी वडा समितिको निर्णयको आधारमा बढिमा २० वटा योजनाको DPR निर्माण गर्ने। यस कार्यका लागि आबश्यक बजेट नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च लेख्ने निर्णय गरियो।

**१०. फोहर व्यवस्थापन**

यस नगरपालिकाका सबै नागरिकहरुले आफ्नो फोहर आफै व्यवस्थापन गर्ने, आफै व्यवस्थापन गर्न नसके फोहरको प्रकृति र परिमाण अनुसार कर तिर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने। जनचेतनामूलक कार्यक्रम सहित फोहर व्यवस्थापन गर्न सबै वडा कार्यालयहरु, टोल विकास समितिहरु, विद्यालयहरु, सहकारी संस्थाहरु, स्वयंम्सेवकहरु, मिडिया नागरिक समाज संग समन्वय गरी सहयोग लिने निर्णय गरियो।

**११. विकासमा नगरिकको लागत सहभागिता सम्बन्धमा :**

यस नगरपालिका अन्तर्गत संचालित कतिपय योजनाहरुमा तोकिएको लागत सहभागिता भन्दा उपभोक्ताहरुको बढी योगदान भै योजनामा लगत ईष्टिमेट भन्दा बढी काम हुने योजनाहरुमा उपभोक्ताहरुबाट भए गरेका अतिरिक्त आर्थिक योगदानको अभिलेखिकरण गर्ने निर्णय गरियो।

**१२. अन्तेष्टि स्थान एकिन सम्बन्धमा :**

देवचुली नगरक्षेत्र भित्रका ईसाई र मुस्लिम धर्मावलम्बीहरुको कुल धर्म अनुसार अन्तेष्टी कार्यको लागि सम्बन्धित समुदायका व्यक्तिहरु र स्थानीय भद्र भलाद्मी व्यक्तिहरुसँग छलफल गरी स्थान तोक्ने निर्णय गरियो।

**१३. डेक्सटप कम्प्यूटर उपलब्ध गराउने सम्बन्धमा :**

देचुली १६ स्थित श्री प्रभात जनता आधारभुत विद्यालय बाहकोल र देवचुली १७ स्थित श्री जिवनज्योती आधारभुत विद्यालयलाई दुई/दुई थान डेक्सटप कम्प्यूटर उपलब्ध गराउने साथै शिक्षा विकास तथा समन्वय ईकाईको लागि १ थान कम्प्यूटर माग भै आएअनुसार एक थान डेक्सटप कम्पयूटर नगरपलिकाको आन्तरिक स्रोतबाट कार्यालयले खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।

**१४. पार्किङ्ग सेड निर्माण सम्बन्धमा :**

दलदले बसपार्कलाई व्यबस्थित रुपमा संचालन गर्न बसपार्कभित्र पार्किङ्ग सेड अत्याबश्यक देखिएकोले पार्किङ्ग सेड बनाई नगरपालिकाको आन्तरिक स्रोतबाट सो को भुक्तानी दिने निर्णय गरियो।

**१५. विद्यालयमा थप कोठा निर्माण सम्बन्धमा :**

शिक्षा बिभागबाट प्राप्त रकममध्येबाट जनज्योति मा.वि. देवचुली १५ र भीमसेन मा.वि. देवचुली ७ मा २/२ कोठे पक्की भवन निर्माण गर्न स्वीकृती दिने निर्णय गरियो।

**१६. तटबन्ध निर्माण सम्बन्धमा :**

देवचुली १३ स्थित बोटे बस्ती भएको नारायणी नदी किनारमा बर्षाको याममा बाढीको कारण उक्त बिपन्न बस्तीनै बाढी प्रकोपको जोखिममा पर्ने भएकोले लगत इष्टिमेट गराई तटबन्ध निर्माण कार्य गर्ने निर्णय गरियो।

**१७. पानी निकास सम्बन्धमा :**

देवचुली १२ र १३ को सिमानामा पर्ने बेलचौतारीमा बर्षाको समयमा पानी निकास नभै दलदले बजार बर्षैपिच्छे डुबानमा पर्ने अबस्था रहेकोले उक्त पानी निकासको लागि नाली बनाई सो पानी बौलाह खोलातिर निकास गर्नुपर्ने अबस्था रहेकोले आबश्यक लगत इष्टिमेट तयार गरी आगामी कार्यपालिका बैठकमा पेस गर्ने निर्णय गरियो।

**१८. सडक मापदण्ड सम्बन्धमा :**

नेपाल सरकारले जारी गरेको भवन तथा बस्ती विकास मापदण्ड २०७२ मा उल्लेख गरे बमोजिमको मापदण्डमा नघट्ने गरी देवचुली नगरपालिकाको सडक तथा भवन निर्माण मापदण्ड तयार गरी लागू गर्ने साथै नक्सामा बाटो कायम नभै चलन चल्तीमा बाटो भएका स्थानहरुको बाटो नक्सामा कायम गर्न सरोकारवालाहरुले पहल गर्ने, हाल सडक क्षेत्राधिकार भन्दा कम चौडाईमा कालोपत्रे तथा सडक स्तरउन्नति गरिएको भएतापनि उक्त सडकको मापदण्ड भवन तथा बस्ती विकास मापदण्ड २०७२ बमोजिम नै हुने गरी सडक निर्माण तथा नक्सापास गरिने निर्णय गरियो।

Scanned by CamScanner

**१९. नक्सापास तथा अभिलेखिकरण सम्बन्धमा :**

यस देवचुली नगरपालिका क्षेत्रभित्र निर्माण हुने घरहरु नक्सा पास गरे मात्र निर्माण कार्य गर्न अनुमति दिने एंव मापदण्ड बमोजिमको नक्सामा बाटो कायम नभएको स्थानमा घरको नक्सा पास गर्दा मापदण्ड बमोजिमको बाटो छाड्न (मञ्जुरी) लिखित प्रतिवद्धता गराई मात्र प्रथम चरणको अनुमति दिने । उक्त कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थलगत अनुगमन कार्यलाई प्रभावकारी बनाउदै सम्बन्धित प्राविधिक कर्मचारी र सूरक्षा गार्डलाई घुम्ती अनुगमनको व्यबस्था मिलाउने निर्णय गरियो ।

**२०. जिन्सि दाखिला सम्बन्धमा :**

यस नगरपालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुबाट वडा स्तरीय योजनाहरुको लागि खरिद गरी वितरण हुने जिन्सि सामग्रीहरु यस कार्यालयमा जिन्सी दाखिला गरी मात्र वितरण हुने व्यबस्था मिलाउने निर्णय गरियो ।

**२१. बहाल बिटौरी कर सम्बन्धमा :**

देवचुली नगरपालिकाभित्र बहाल बिटौरी कर निर्धारण गर्नका लागि यस नगरपलिका क्षेत्रभित्र सार्वजनिक, प्रति, ऐलानी जग्गामा निर्माण भएका घर,पसल,घुम्तीहरुको विवरण संकलन गर्ने र उक्त व्यक्तिहरुबाट के कति बहाल बिटौरी असुल गर्न सकिन्छ भन्ने सम्बन्धमा निर्णयका लागि राजश्व परामर्श समितिको प्रतिवेदन सहित कारयपालिकाबाट निर्णय गराई आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**२२. कार्यालयमा प्रयोग हुने निजि मोटरसाईकलको मर्मत सम्वन्धमा :**

यस कार्यालयमा सवारी साधनहरु (मोटरसाईकल) कम रहेकोले योजनाहरुको निरन्तर अनुगमनको लागि सवारी साधनको अभाव हुँदा कर्मचारीहरुले प्रयोग गर्ने निजी मोटरसाईकल मर्मत/सर्भिसिङ लगायतको खर्च सम्बन्धमा आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**२३. परीक्षा संचालन खर्च सम्बन्धमा :**

यस नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुको आधारभुत तह (कक्षा ८) को अन्तिम परीक्षा संचालनको लागि रु २ लाख ४० हजार रुपैया नपुग हुने भएकोले आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी निम्नानुसार शिर्षकमा रहेको रकम रकमान्तर गरी परिक्षा संचालन गर्ने निर्णय गरियो ।

बजेट शिर्षक नं. ३९ बाट रु ५० हजार,

बजेट शिर्षक नं. ९७ बाट रु २० हजार,

बजेट शिर्षक नं. ९८ बाट रु २० हजार,

बजेट शिर्षक नं. ११५ बाट रु ५० हजार,

बजेट शिर्षक नं. ११९ बाट रु १ लाख ।

**२४. सहकारी संस्थाहरुको कार्यक्षेत्र थप तथा संकलन केन्द्रको अनुमति सम्बन्धमा :**

यस देवचुली नगरपालिकाभित्र संचालित बचत तथा ऋण सहकारी संस्थाहरुको कार्यक्षेत्र साविकमा गा.वि.स क्षेत्र भित्रमात्र रहेकोमा हाल नगरक्षेत्र भरि नै माग भै आएकोमा सहकारी ऐन, २०७४ मा पहिलेको कार्यक्षेत्रसँग सिमाना जोडिएको वडाहरुलाई कार्यक्षेत्र थपको स्विकृती दिन सकिने उल्लेख भएकोले माग बमोजिम कार्यक्षेत्र जोडिएका वडाहरु कार्यक्षेत्रमा थपको लागि स्विकृति दिने र परोपकार बचत तथा ऋण सहकारी संस्थाले दे.न.पा. वडा नं. १-५ को केन्द्र पर्नेगरी संकलन केन्द्रको स्वीकृति माग गरेकोमा स्वीकृति दिने निर्णय गरियो ।

**२५.मेलमिलापकर्ता तालिम**

समाजमा हुने सामान्य प्रकृतिका भै झगडा र मनमुटावहरुलाई स्थानीयस्तरमै दक्ष मेलमिलापकर्ताको सहजीकरणमा सौहार्द्रपूर्वक जितजितको अवस्था सिर्जना गरी दुई वा दुई भन्दा बढि व्यक्ति वा समूहबीच मेलमिलाप गरी सामाजिक एकता कायम गर्न वडास्तरमा मेलमिलाप समिति गठन गरी मेलमिलापकर्तालाई तालिम दिने निर्णय गरियो ।

Scanned by CamScanner

२६. विविध :

क.) नेपाल विद्युत् प्राधिकरणले यस नगरपालिकाको विभिन्न वडाहरुमा सिंचाई पोलको लागि छुट्टयाईएको रकम सम्बन्धित वडामा सिंचाई पोलको लागि आवश्यक नभएकोले उक्त रकम सोहि वडाहरुमा विद्युत तारको लागि खर्च गर्न सहमति दिने निर्णय गरियो।

ख.) आ.व. ०७५/०७६ का लागि स्वीकृत वडास्तरीय कार्यक्रम अन्तर्गत वडा नं. १७ को बसन्तपुर बाटो कालोपत्रेको लागि रु १५ लाख विनियोजन भै सोहि बमोजिम सम्झौता भैसकेकोमा उक्त बाटो कालोपत्रे गर्न उचित नदेखिएकोले पहिले उक्त बाटोको स्तरउन्नति गर्नुपर्ने भनि वडाबाट सिफारिस भैआएकोले ल.ई. संशोधन गराई सोहि बजेटको परिधिभित्र रहि स्तरउन्नतिको लागि अनुमति दिने निर्णय गरियो।

ग.) आ.व. ०७५/०७६ का लागि स्वीकृत वडास्तरीय कार्यक्रम अन्तर्गत वडा नं. १४ को सि.नं. १३ , रिङ्ग रोड कृष्ण कुमारको घरदेखि उत्तर हुँदै गोपी चोक - नवल बोर्डिङ - हिमलाल दवाडीको घरसम्म बाटो स्तरोन्नति शीर्षकमा रु ११ लाख विनियोजन भएकोमा सोही योजनामा पुन:निर्माण प्राधिकरणबाट रकम विनियोजन भै ठेक्का प्रक्रिया समेत अगाडि बढिसकेको हुँदा रकमको दोहोरोपन देखिएको कारणबाट उक्त योजनाको शीर्षक परिवर्तन गरी सोही वडाको देवचुली चोकबाट रिङ्ग रोड सम्म र साहारा चोकबाट रिङ्ग रोडसम्म सडक स्तरोन्नति गर्ने गरी सम्झौता प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

घ.) देवचुली – २ दुम्कौली स्थित सि.जि. अगाडी बसपार्क व्यबस्थापनको लागि यस अघि प्रकाशित सूचनाको अवधि ३० दिन भनिएकोमा दोस्रो पटकको सूचनाको अवधि १५ दिन राखि प्रकाशित भएकोलाई अनुमोदन गर्ने निर्णय गरियो।

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner